बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

(कार्यक्षेत्रः रामेछाप र दोलखा)

मन्थली, रामेछाप

## प्राँगारिक मल वितरण कार्यक्रममा आपूर्तिकर्ताहरुलाई सूचीकृत हुन आवेदन माग सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०९/१२

कृषि विकास कार्यालय, रामेछापको आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रम अन्तर्गतको **"प्राँगारिक मल वितरण कार्यक्रम"** कार्यान्वयनार्थ "एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" अनुसार प्राङ्गारिक मल बिक्रि गर्ने उत्पादक तथा वितरकहरुलाई यो सूचना प्रकाशित भएको मितिले २१औं दिन (मिति २०८१/१०/०३) सम्ममा कार्यालय समय भित्र देहाय बमोजिमका कागजात तथा सामाग्रीहरु संलग्न गरी यस केन्द्रमा सूचीकृत हुनको लागि आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्यक्रमको नाम | ईकाइ | परिमाण | कुल बजेट (रु.) |
|---|---|---|---|
| प्राँगारिक मल वितरण कार्यक्रम | मे. टन | ५० | ५ लाख |

<u>संलग्न गर्नुपर्ने कागजातहरु</u>

१. रु. १०।- को हुलाक टिकट टाँस गरेको निवेदन
२. संस्था दर्ता/नवीकरण प्रमाणपत्र, प्यान/भ्याट प्रमाणपत्रको प्रतिलिपिहरु
३. पछिल्लो आ. व. को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु
४. दुई भन्दा बढी सदस्य रहेको संस्था/कम्पनीको हकमा आवेदन पेश गर्ने तथा अख्तियारी तोकिएको सम्बन्धी संस्थाको निर्णयको प्रतिलिपि
५. निवेदक/अख्तियारी प्राप्त व्यक्तिको नागरिताको प्रतिलिपी
६. सम्बन्धित निकायमा सूचीकृत गरिएको प्रमाणपत्रको प्रतिलिपि
७. सरकारी निकायवाट मान्यता प्राप्त प्रयोगशालाबाट कार्यविधिको अनुसूची-८ मा उल्लेखित प्राङ्गारिक मलको मापदण्ड तथा गुणस्तरको प्रमाणपत्र (एक महिना भित्रको)
८. प्राङ्गारिक मलको नमुना

<u>नोटः</u> आपूर्तिकर्ताले निवेदन साथ आफुले उत्पादन गर्ने मलको ब्राण्ड नाम, प्रति के. जी. मूल्य, कम्पनीको शाखा/ बिक्री कार्यालयहरु र चालु आ. व. मा यस केन्द्रको उल्लेखित कार्यक्रमको लागि उपलब्ध गराउन सक्ने मलको परिमाण स्पष्ट रुपमा खुलाई लेख्नुपर्नेछ ।साथै आपुर्ति गर्ने मलको उत्पादन मिति र प्रयोग गरिसक्नु पर्ने मिति, ब्याच नम्बर, तौल तथा मलमा पाइने पोषण तत्वको मात्रा प्रत्येक प्याकेजिङ्गमा प्रष्ट रुपमा देखिने गरी उल्लेख भएको हुनु पर्नेछ ।

**पुनश्चः** थप जानकारीको लागि यस केन्द्रको फोन नं. ०४८-५४०३०८, ५४००६३/९८५४०२४५७९ मा सम्पर्क गर्न सक्नुहुनेछ । कार्यक्रम सम्बन्धी कार्यविधि **"एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१"** कृषि विकास कार्यालय, रामेछापको वेबसाइट <u>www.ramechhap.ado.gov.np</u> मा हेर्न र डाउनलोड गर्न सक्नुहुनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरुमाथि कुनै प्रक्रिया अगाडी बढाउन कार्यालय बाध्य हुने छैन ।

मिन बहादुर पुन
प्रमुख